ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक २७०

१८ जेठ २०८० सोमबार

3 Jul. 2023, Monday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## मिटर ब्याज पीडितको समस्या समाधान हुँदै



**अजयकुमार झा**

**असार १७ गते, जनकपुर**

धनुषामा मिटर ब्याज (अनुचित लेनदेन) पीडित तथा साहुका बीचमा धमाधम सहमति हुन थालेको छ ।

जिल्ला प्रशासन कार्यालयले लिने र दिने दुवै पक्षलाई राखेर मिटर ब्याज हेर्ने शाखामा सहमति गराएपछि मिटर ब्याज पीडितको समस्या समाधान हुँदै जान थालेको हो । जिल्ला प्रशासन कार्यालय धनुषामा प्रमुख जिल्ला अधिकारी काशीराज दहाल आफैले चासो लिएर हेर्दै आउनुभएका कारणले धनुषमा नयाँ निवेदन दर्ता भएका मध्ये ९२ वटामा दुवै पक्षका बीचमा मिलापत्र भएको छ ।

यसअघि पुराना निवेदन मध्ये १६७ वटामा सहमति भएको थियो भने ५९ वटा निवेदनमा छलफल भइरहेको धनुषाका प्रमुख जिल्ला अधिकारी दहालले जानकारी दिनुभयो ।

जिल्ला प्रशासन कार्यालय धनुषामा मिटर ब्याजको २ हजार ६ सय १५ वटा निवेदन परेको छ । यस्तै अवस्था रहेको खण्डमा सबै निवेदनहरूमाथि छलफल गरेर टुङ्गो लगाउनमा १ वर्ष लाग्ने अवस्था रहेको छ ।

मिटर ब्याज पीडितको समस्या समाधान गर्नका लागि गठन गरिएको जाँचबुझ आयोगको केन्द्रीय कार्यालय जनकपुरधाममा स्थापना भएका कारणले पनि धनुषामा पीडितको सुनुवाई भइरहेको छ ।

कतिपय अवस्थामा मिटर ब्याज पीडितसँगै रकम दिनेहरू पनि पीडित देखिएकाले त्यसमा दुवै पक्ष तथा छरछिमेकीहरुलाई राखेर समस्याको निकास गर्ने काम भइरहेको जिल्ला प्रशासन कार्यालय धनुषाले जनाएको छ ।

मिटर ब्याज (अनुचित लेनदेन) सम्बन्धि अध्यादेश आएका कारणले पुराना कागजहरू बदर हुने डरका कारणले व्याजमा रकम दिनेहरू मिल्न थालेका छन् भने मिटर ब्याजका निवेदन दिएकाले रकम दिँदा साहुसँग भर्पाई नलिँदा पनि समस्यामा पर्ने गरेका छन् ।

## मधेसको गृह मन्त्रालयमा तालाबन्दी




**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

जनयुद्धका शहीद परिवारले मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयमा तालाबन्दी गरेका छन् ।

मधेस शहीद प्रतिष्ठानले दिने घोषणा गरेको ३ लाख रुपैयाँ नदिएको भन्दै उनीहरुले मन्त्रालयमा तलाबन्दी गरेका हुन् । विभिन्न जिल्लाबाट आएका जनयुद्धका शहीद परिवारले मन्त्रालयमा तालाबन्दी गर्नुअघि मुख्यमन्त्री सरोजकुमार यादवलाई भेट्ने प्रयास गरेपनि मुख्यमन्त्री उपलब्ध हुन सकेनन् ।

मधेस सरकारले गत वर्ष नै जनयुद्धमा शहीद भएका परिवारलाई किस्तावन्दीमा ३ लाख रुपैयाँ उपलब्ध गराउने घोषणा गरेको थियो ।प्रतिष्ठानले तीनवर्षसम्म एक/एकलाख रुपैयाँ उपलब्ध गराउने कार्यक्रम अन्तर्गत यसपटक शहीद परिवारले पैसा पाएका छैनन् ।

सरकारले गत फागुन २९ गते राजपत्रमा प्रकाशन गरेको शहीदको नाम र ठेगानाको आधारमा रकम दिने भनेको छ । तर, शहीद परिवारले गतवर्ष जस्तै प्रमाण पत्रको आधार पाउनु पर्ने माग गरेका छन् ।

शहीद घोषणामा कतिपयको नाम र ठेगाना गलत भएकाले प्रतिष्ठानले सच्याएर मात्र दिने रसोकाम सरकारको भएको शहीद परिवारका सदस्य राजु महतोको भनाइ छ ।

असार मसान्तभित्र राहत रकम नपाए छुट्याइएको बजेट फ्रिज हुने र नपाउने चिन्ता शहीद परिवारलाई छ ।

## एसईई नतिजा यसै साताभित्र सार्वजनिक गर्ने राष्ट्रिय परीक्षा बोर्डको तयारी

**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा यसै साता अर्थात् शनिबारसम्म सार्वजनिक गर्ने तयारी भइरहेको जनाएको छ ।

परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले कक्षा १० को नतिजा यही हप्ता सार्वजनिक गर्ने लक्ष्यका साथ काम भइरहेको बताए ।

नतिजा रुजु र इन्ट्री गर्ने काम भइरहेको बोर्डले जनाएको छ ।

अन्तिम रुजु र इन्ट्री गर्ने प्राविधिक प्रकृतिको काम भएकाले लक्ष्य पूरा नै हुन्छ भन्ने एकिन हुँदैन । प्राविधिक समस्या नआए नतिजा प्रकाशन अर्को साता धकेलिन पनि सक्ने बोर्डका कर्मचारीले बताए ।

गत चैत १७ गतेदेखि सञ्चालित परीक्षामा ४ लाख ८५ हजार ३ सय ९६ विद्यार्थी सहभागी थिए ।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**

## निलम्बित वडाध्यक्ष कुसियैत माओवादीबाट पनि निष्काशित


**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

नेकपा माओवादी केन्द्रले धनुषाको शहिदनगर नगरपालिकाका एकजना निलम्बित वडाध्यक्षलाई पार्टीबाट निष्काशन गरेको छ ।

शहिदनगर नगरपालिका वडा नम्बर-८ का निलम्बित वडाध्यक्ष तनुकलाल कुसियैत यादवलाई पार्टीबाट आउट गरिएको हो ।





नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र)

Communist Party Of Nepal (Maoist Centre)

नगर कार्यसमिति | नगर पार्टी कार्यालय

शहिदनगर नगरपालिका, धनुषा

पत्र संख्या : २०७९/०८०

च.न. :

मिति : २०८०/०३/१७ गते ।

विषय: पार्टीबाट निष्कासन गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्र) को आफ्नो मान र मर्यादा रहेको सर्वविदितै छ। मधेश प्रदेश धनुषा जिल्ला शहिदनगर नगरपालिका नगर कमिटिका अध्यक्ष श्री तनुकलाल कुसियैत (यादव) ले माओवादी (केन्द्र) पार्टीको विधान विपरित कार्यहरु गरेको प्रमाणहरु भेटिएको छ। पार्टीको मर्यादा विपरित, आचरण हनन हुने गरी खालका कार्यहरु तथा पार्टीको सिद्धान्त र विचार विपरित गतिविधि गरेकोले उहाँलाई यस नेकपा माओवादी (केन्द्र) पार्टीमा साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरिएको व्यहोरा अनुरोध छ। नगर कार्य समितिको २०८०/०३/१५ गतेको सो निर्णय अनुसार उहाँलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरिएको सबैमा जानकारी गराईन्छ।

बोधार्थ:

१. श्री नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्र), केन्द्रीय कार्यालय।

२. श्री नेपाल कम्युनिष्ट पार्टी माओवादी (केन्द्र), प्रादेशिक कार्यालय।

३. श्री पार्टी केन्द्रीय सचिवालय।

सुरेश कापर

रामकिशोर पासवान

नेपाल कम्यूनिष्ट पार्टी माओवादी (केन्द्रले)मधेश प्रदेश शहिदनगर नगरपालिका नगर कमिटिका अध्यक्ष समेत रहेका कुसियैतले पार्टीको विधान विपरित कार्यहरु गरेकाले साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्कासन गरेको छ ।यादवसँग सम्बन्धित विभिन्न प्रमाणहरु भेटिएको र पार्टीको मर्यादा विपरित, आचरण हनन हुने प्रकारका कार्यहरु तथा पार्टीको सिद्धान्त र विचार विपरित गतिविधि गरेकोले उनलाई हटाइएको विज्ञप्तीमा उल्लेख छ ।

नगर कार्य समितिको असार १५ गतेको निर्णय अनुसार उनलाई साधारण सदस्य समेत नरहने गरी पार्टीबाट निष्काशन गरिएको हो । अहिले उनको वडाध्यक्षको पद पनि गुमेको छ । २०७४ सालमा गरेको कामले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको आधारमा उनी निलम्बित भएका छन् ।

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

Hot line number
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौं ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ञ्टीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशनको सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# वर्षामा सकड बनाउनु पनि विकासको मूल फुट्नु हो

वर्षात्को वास्तै नगरी सडक कालोपत्रे गर्नु पनि विकासको मूल फुट्नु नै होला सायद। इन्जिनियरका भनाइ मान्ने हो भने सडक कालोपत्र गर्नका निम्ति मौसमी अनुकूलताको ठुलो महत्व हुन्छ। खास गरी अति गर्मी, पानी परेको बेला र अति जाडोको बेला सडक कालोपत्रे गर्नु बालुवामा पानीसरह नै हो। टिकाउ हुँदैन। कालोपत्र गर्दा सडकको बिचमा पानी बग्नेसमेत बनाउनु हुँदैन। पानी जमिरहने सडकमा कालोपत्रे भन्दा ढलान उपयुक्त हुन्छ। भिरालो सडकमा पनि कोलोपत्रे होइन, ढलान गर्नु नै उत्तम हुन्छ। कालोपत्रेका कतिपय सामग्री बाहिरबाट ल्याउनु पर्छ तर ढलान गर्दा स्वदेशी सरसमान र श्रम बढी प्रयोग हुने हुँदा रोजगारीमा समेत सकारात्मक योगदान पुग्छ। असार मासमा हतारमा गरिने विकासले त्यस्ता परिपक्क कुरालाई मान्न सक्दैन। सडकको गुणस्तर नेपालमा जति कमजोर अन्त कहाँ होला र ? सरकारका तीन तहमै यतिबेला विकासको मूल फुट्न थालेको छ। महसुस गर्न सक्ने गरी भौतिक पूर्वाधारका काममा हतार हतार छ। दिउँसो होइन, रातमा पनि काम हुन थालेको छ। अझ विकास त यतिबेला होटल, रिसोर्ट आदिमा दिन रात देख्न सकिन्छ। सरकारी बजेट सक्नु जो छ, सभा हुन थालेका छन्। गोष्ठी, सेमिनार र प्रशिक्षण हुन थालेका छन्। विकासे कर्मचारीलाई यतिबेला सोह्रश्राद्धका पुरेत बा जस्तै बेफुर्सदी छ। सङ्घ संस्थाका कार्यकारी प्रमुख आदिलाई पनि भ्याइनभ्याइ छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले असार २४ गते राति १२ बजे अगावै भुक्तानी निकासा बन्द गर्ने सूचना थप स्पष्टीकरणसहित जारी गरिसकेको छ। त्यसयता बजेट सक्न खर्च गर्न के फुर्सद होस् ?

सालतमामी हिसाब मिलाउन गर्न आर्थिक वर्ष समाप्त हुन सात दिनअघि नै भुक्तानी प्रक्रिया बन्द गर्ने सामान्य लेखा पद्धतीय नियम त बर्सेनि नै हुन्छ। त्यसको परिपालना भने कुनै वर्ष पनि पूर्ण रूपमा भएको देख्न कठिन हुन्छ। आर्थिक वर्षको अन्तिम दिन र पलसम्म पनि भुक्तानी हुने प्रक्रिया चलिरहने विगत थियो। अहिले डिजिटल प्रणालीले कठिन बनाएको छ। आर्थिक वर्षको अन्तिम दिन पनि बोलपत्र आह्वानसम्म गर्‍यो भने पनि बजेट फ्रिज नहुने, खर्च गर्न पाइने, अझ हिसाबमा गोलमाल गर्न पाइने भन्ने ध्येय हुन सक्छ। असार र त्यसमा पनि अन्तिमतिर विकासे गतिविधिलाई तीव्रता दिनु विकास (कु)धर्मजस्तै भएको देखिन्छ। यो पटक पनि त्यसमा किन व्यापक फेरबदल आउँथ्यो र ?

महालेखा नियन्त्रणका कार्यालयका तथ्याङ्कले पनि असारमा असाध्यै धेरै विकास हुनुपर्ने बाध्यता बोल्छ। असार आर्थिक वर्षको अन्तिम महिना भएको भनिरहनु परेन। असारको १६ गतेसम्म सङ्घीय सरकारको पुँजीगत खर्च ४३ दशमलव ७५ प्रतिशत मात्रै छ। चालु आर्थिक वर्षका निम्ति बजेटमा तीन खर्ब ८० अर्ब रुपियाँ बजेट विनियोज गरिएको हो र त्यसमा दुई दिन अघिसम्म निकासा रकम एक खर्ब ६६ अर्ब रुपियाँ मात्र छ।

# भ्रष्टाचार प्रोत्साहन गर्ने कानुन

श्यामप्रसाद मैनाली

भुटानी शरणार्थीको नक्कली फेहरिस्त तयार पारी ठूलो रकम भ्रष्टाचार, संगठित अपराध एवं ठगी गर्ने माफिया गिरोहलाई सरकारले परिचालन गरेको पाइएको छ। पूर्वमन्त्री, भूपू तथा वर्तमान प्रधानमन्त्री, राजनीतिक दलका शीर्षस्थदेखि उच्च प्रशासकसमेत खुलेयाम भ्रष्टाचारमा संलग्न भएको देखिएको छ। ठूला ठूला भ्रष्टाचारका काण्डलाई संविधान विपरीतको कानुन निर्माण गर्दै कारबाहीबाट उन्मुक्ति दिने कार्यले निरन्तरता पाइराखेको छ। यस अवस्थामा हाम्रा कानुन निर्माताहरूले ठूला भ्रष्टाचारजन्य मामिलाहरूलाई उन्मुक्ति दिने प्रकारले संसद्मा निर्णयहरू गर्दै आएका छन्।

संसद्मा दर्ता भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनबारे संशोधनका लागि विधेयक संसद्मा पेस भई छलफल भइराखेको छ। राष्ट्रिय सभाले यस विधेयकमा विशेषतः दुईवटा निर्णय दिएको छ। भ्रष्टाचारसम्बन्धी घटना भएको थाहा पाएको मितिले पाँच वर्षभित्र अनुसन्धान सुरु गरी निर्णय लिइसक्नुपर्ने अन्यथा अनुसन्धान गर्न पाइने छैन। दोस्रो हो, घूस दिने र घूस लिने दुवै पक्ष दण्डित हुनुपर्छ। यसका अतिरिक्त संवैधानिक प्रावधान र मर्म विपरीत नीतिगत भ्रष्टाचारका नाममा हुने ठूला ठूला भ्रष्टाचारका मामिलाबारे नियन्त्रक निकायले अनुसन्धान गर्न नपाइने गरी ऐनमा भएको व्यवस्थालाई परिमार्जन गर्न राष्ट्रिय सभाले उपयुक्त देखेको छैन। यस प्रकार संसद्बाट भ्रष्टाचारलाई स्पष्टरूपमा प्रोत्साहन दिने काम भइराखेको छ।

**संवैधानिक र कानुनी प्रावधान**

सुशासनको नारा दिएर नथाक्ने राजनीतिकर्मीले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको अभिव्यक्ति बारम्बार दिने गर्छन्। तर भ्रष्टाचारबाट अभयदान प्राप्त गर्ने गरी अघि बढ्न सबै दलबीच समझदारी बनेको छ। हालको अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनको दफा ४ (ख ) ले नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको निर्णयलाई आयोगको कार्यक्षेत्रबाहिर राखिदिएको छ। यस प्रावधानले संघीय संसद् प्रदेश सभा वा सोअन्तर्गतका समितिको बैठकमा भएका काम/कारबाही, निर्णय, त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक काम कारबाहीका सम्बन्धमा आयोगबाट यस ऐनअन्तर्गत अनुसन्धान तहकिकात वा अन्य कुनै कारबाही हुने छैन। न्यायपालिकामा भएको भ्रष्टाचारको कारबाही न्याय परिषद्बाट हुन्छ। सैनिकको भ्रष्टाचार तहकिकातलगायतका कारबाही सैनिक अदालतबाट हुन्छ। व्यापारी र उद्योगपतिको सम्बन्धमा हालसम्म भ्रष्टाचार गरेमा कारबाही गरिने प्रावधान छैन। निजी क्षेत्रले भ्रष्टाचार गर्दैन भन्ने हाँस्यास्पद सोचाइ रहेको अवस्था छ। उनीहरूले मुद्रा निर्मलीकरण र कर छली गर्ने सोचका साथ कारबाहीका लागि विभाग गठन भएका छन्। ती विभागको नेतृत्व पनि स्वार्थको संघर्षको अवस्था बन्ने गरी गर्ने व्यवस्था मिलाइएको छ।

संविधानको धारा २३९(१) ले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको सम्बन्धमा आयोगले अनुसन्धान गर्न वा गराउन सक्ने स्पष्ट व्यवस्था छ। महाभियोग लगाउन सकिने विशिष्ट पदाधिकारीका लागि मात्र संविधानले विशेष व्यवस्था गरेको छ। यो अपवादको व्यवस्था पनि सधैँका लागि भएको देखिँदैन। यस्ता पदाधिकारीहरूलाई पदबाट मुक्त भएपछि आयोगले अनुसन्धान गर्न सक्छ। सोही धाराको उपधारा (२) मा धारा १०१ बमोजिम महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्यायपरिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम पदमुक्त हुने व्यक्तिहरूलाई अनुसन्धान गर्न गराउन सकिनेछ भन्ने प्रष्ट प्रावधान छ।

संविधानको आसय, मर्म, शब्दार्थ तथा भावार्थमा कसैले पनि यस प्रकारको भ्रष्टाचारमा कारबाही गर्नबाट उन्मुक्ति दिने प्रावधान देखिँदैन। संविधानसँग विवादित हुने गरी कानुन बन्न सक्दैन। यो प्रावधानले संविधानको धारा ५१ (ख) (४) मा रहेको प्रावधान सार्वजनिक प्रशासनलाई भ्रष्टाचार मुक्त बनाई सुशासन प्रत्याभूति गर्ने उद्देश्यसँग पनि विवादित बन्छ। नेपालमा कार्यपालिकाले आयोगलाई नियन्त्रण गर्न गरिएको प्रपञ्च हो यो। सुशासन (सञ्चालन तथा व्यवस्था ) ऐन, २०६४ को मर्म र भावनालाई पनि अस्वीकार गरेको अवस्था छ। यो ऐनको प्रस्तावनामा सुशासन प्राप्त गर्ने नागरिकको अधिकारकै रूपमा स्वीकार गरिएको स्थिति छ।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धिको पक्ष राष्ट्र हो। प्रस्तावित विधेयक पारित गर्ने क्रममा यसका प्रावधानहरूमा विशेष ख्याल कानुन निर्माताले गर्नुपर्छ। अन्यथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले आफ्नो विश्वसनीयता गुमाउँछ। हालसम्मको अवस्थामा नेपालले उक्त महासन्धिलाई कार्यान्वयनमा ल्याउन खासै क्रियाशीलता देखाएको छैन। देशले अन्तर्राष्ट्रिय सम्झौता विपरीतका कानुन बनाउन मिल्दैन। राष्ट्रिय सभाले यस सन्दर्भमा ध्यान दिएको देखिएन।

**निष्कर्ष**

संवैधानिक प्रावधानमा भ्रष्टाचारलाई समूल नष्ट गर्ने उल्लेख छ। सुशासन बहाली राष्ट्रिय लक्ष्यका रूपमा निर्धारित छ। ठूला राजनीतिक तहबाट हुने र नीतिगत भ्रष्टाचारजन्य अपराध गर्नेहरूलाई छूट दिने अवस्था छ। भ्रष्टाचार बढाउँदै सुशासन दिने मिथ्या कल्पना गर्दै संसद् र सरकार अघि बढिराखेका छन्। कार्यकारी शक्तिको अभ्यास कसरी भइराखेको छ? यसका लागि आवश्यक हुने स्वतन्त्र निगरानीको अभाव छ। यसको अभावमा शक्ति पृथकीकरणको अभ्यास र सम्मान गर्न सकिँदैन। शक्ति पृथकीकरणको अभावमा लोकतन्त्रको अभ्यास गर्न सकिँदैन। यो परिस्थितिमा सुशासन मृगतृष्णा मात्र हुनेछ। ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको प्रतिवेदनमा नेपालको अवस्था नाजुक छ। सार्क क्षेत्रमै नेपाल अति भ्रष्ट देशका रूपमा इंगित छ। विश्व परिवेशमा हेर्दा सुडान, अफगानिस्तान, सोमालिया जस्ता देशसँग नेपालले उल्टो प्रतिस्पर्धा गरिराखेको छ।

हाल नेपालले सामना गरिराखेको तरलता अभावको मुख्य कारण व्याप्त भ्रष्टाचार प्रमुख रूपमा रहेको छ।

भ्रष्टाचार निर्मूल नगरी समुन्नत देशको कल्पना गर्नु व्यर्थ हुन्छ। भ्रष्टाचारले देशको आर्थिक अवस्था दयनीय र अस्तव्यस्त बनाउँछ। देशको स्रोतसाधन सीमित व्यक्तिहरूमा केन्द्रित हुन्छ। कालो धनको परिचालन बजारमा हुँदैन। हाल नेपालले सामना गरिराखेको तरलता अभावको मुख्य कारण व्याप्त भ्रष्टाचार प्रमुख रूपमा रहेको छ। समाजमा असन्तुष्टि र द्वन्द्व सिर्जना गर्ने कारक तत्व पनि भ्रष्टाचार हो।

कानुन निर्माताहरूलाई राष्ट्र र नागरिकको हित प्रतिकूल हुने गरी कानुन निर्माण गर्ने छूट हुँदैन। यस प्रावधानलाई मजबुत बनाइ सानातिना भ्रष्टाचारीहरूलाई कारबाही गरेर राष्ट्रको समृद्धिको ढोका खोल्ने अभिव्यक्ति सस्तो मनोरञ्जन मात्र हो।यही छूट भ्रष्टाचारीहरूलाई दिएकै कारण वाइडबडी काण्ड, लाउडा प्रकरण, ओम्नी घोटाला, ट्रस्टको जमिन भाडामा दिने, एनसेल प्रकरण, ललिता निवासको जग्गा व्यक्तिले हडपेको, आयल निगम जग्गा खरिद प्रकरण, न्यारोबडी कमिसन, सेक्युरिटी प्रेस खरिदको सत्तरी करोडसम्बन्धी अडियो प्रकरण, गोकर्ण रिसोर्टको भाडा प्रकरण आदि सबै आयोगले हेर्न पाउनुपर्ने हो। *नागरिक न्यूजबाट*

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# संकटबाट गुज्रिएको संकट मोचन मावि कसरी बन्यो उत्कृष्ट?

## दश वर्ष अघिसम्म विद्यार्थी विद्यालय नआउने, टिफिन समयपछि हराउने र शिक्षकले समेत कक्षामा पर्याप्त समय नदिने प्रवृत्तिलाई पूरै निरुत्साहित गरेर संकट मोचन अहिले प्रदेशकै स्मार्ट विद्यालय बनेको छ।

**विजेता चौधरी**

**असार १७ गते, जनकपुर**

शिक्षा मन्त्रालयको तथ्यांकलाई आधार मान्ने हो भने मधेस प्रदेशमा शिक्षाको अवस्था सबैभन्दा कमजोर देखिएको छ। यद्यपि, मधेसमा केही नमुना सामुदायिक विद्यालय पनि छन्।

यस्तैमध्येको एक हो प्रदेश राजधानी जनकपुरमा रहेको संकट मोचन माध्यमिक विद्यालय। यो सामुदायिक विद्यालयमा भर्ना हुनका लागि अभिभावक र विद्यार्थीको भीड लाग्ने गर्छ।

दश वर्ष अघिसम्म विद्यार्थी विद्यालय नआउने, टिफिन समयपछि हराउने र शिक्षकले समेत कक्षामा पर्याप्त समय नदिने प्रवृत्तिलाई पूरै निरुत्साहित गरेर संकट मोचन अहिले प्रदेशकै स्मार्ट विद्यालय बनेको छ।

विद्यार्थी नभएर थुप्रै सामुदायिक विद्यालय बन्द हुने अवस्थामा पुगेका छन्। जनकपुरको संकट मोचन देवशरण रामरति माध्यमिक विद्यालयमा भने अभिभावक आफ्ना बालबच्चा पढाउन लालायित छन्। संकट मोचन माविमा भर्नाका लागि क्षमताभन्दा अधिक विद्यार्थी आउन थालेपछि फर्काउनुपर्ने अवस्था आएको प्रधानाध्यापक बलिराम साह बताउँछन्। जनकपुरकै अन्य सामुदायिक र नमुना विद्यालयसमेत विद्यार्थी नपाएर संकटमा रहेको अवस्थामा संकट मोचनले नामअनुसार नै आफ्नो संकट मोचन गरेको छ।

विद्यालयका प्रधानाध्यापक साह भन्छन्, 'कारण एउटै हो- सुरक्षित वातावरणमा प्रभावकारी सिकाइ। शिक्षण सिकाइलाई पहिलो प्राथमिकतामा राखेका छौं। हामीले प्रत्येक कक्षामा 'फाइभ-टी' ढाँचाको आधारमा पढाउन थालेका छौं र यसले प्रभावकारी नतिजा दिएको छ।'




**के हो त 'फाइभ टी' ? प्रअ साह भन्छन्,**

'पाँच वटा 'टी' अन्तर्गत पहिलो टिच अर्थात् शिक्षण गर्ने तौरतरिका जसमा कक्षाको अवस्था हेरेर शिक्षकले शिक्षण गर्नुपर्ने हुन्छ। दोस्रोमा टङ अर्थात् बोलाइ। यो भनेको र्थात राम्ररी बुझिने भाषामा पढाइ। यो टोनको कुरा हो, शिक्षकले बोलेको कुरा विद्यार्थीले राम्रोसँग बुझ्यो भने विद्यार्थीले कक्षा पनि छोड्दैनन् र गृहकार्य पनि गर्छन् भन्ने हामीले अनुभव गरेका छौं। तेस्रो 'टी' टेक्स्ट अर्थात् सामग्री जसमा बालबालिकाको हातमा उपयुक्त किताब पुर्याउने गरेका छौं। चौथोमा टाइम अर्थात् समय। शिक्षण समयको अधिकतम उपयोग कक्षाकोठामा गर्ने परिपाटी बसालेका छौं। पाँचौंमा छ टेस्ट अर्थात् परीक्षण। मूल्यांकनको प्रत्याभूति र सञ्चारको आधारमा पठनपाठन गर्दै आएका छौं। विद्यार्थीको सिकाइ मूल्यांकन गर्ने कुरामा हामी नतिजाको आधारमा मात्र भन्दा पनि यी विभिन्न अवस्था हेरेर गर्ने गरेका छौं।'

फलस्वरुप संकट मोचन विद्यालय मधेस प्रदेशको सबैभन्दा 'स्मार्ट विद्यालय'को रुपमा छनोट भएको छ।

**संकट मोचन माविका प्रधानाध्यापक बलिराम साह**

जनकपुरजस्तो स्थानमा फरक क्षमता भएका विद्यार्थीलाई उनीहरुको क्षमताअनुसार फरक ढंगले सिकाउने परिपाटी अपनाएको यो नै पहिलो विद्यालय हो। प्रधानाध्यापक साह भन्छन्, 'अलि कमजोर र सघन सिकाइको आवश्यकता रहेको विद्यार्थी समूह पहिचान गरेर सुस्तरी सिकाइ भन्ने नाम दिएर त्यस्तो अवस्थाको बालबालिकाहरुलाई विस्तारै बुझाएर सिकाउने गरेका छौं'। उनले यसका लागि विशेष कक्षा सञ्चालन गर्ने गरिएको जानकारी दिए। 'विद्यार्थीलाई विदाको दिन कुन- कुन विषयमा समस्या छ भन्ने यकिन गरेर विषय शिक्षकलाई आग्रह गरेर ती विद्यार्थीलाई सुस्तरी सिकाउने जिम्मा दिएका छौं। उक्त विशेष कक्षापछि विद्यार्थीको सिकाइको अवस्थामा परिवर्तन आएको महसुस गरेका छौं। एसईईको तयारी कक्षा र छात्राहरुलाई पढाइमा दक्ष बनाउन समेत छुटटै कक्षा सञ्चालन गरेका छौं,' प्रअ साह भन्छन्।

२०२९ सालमा स्थापना भएको संकट मोचन विद्यालयमा उच्च माविसम्म कक्षा सञ्चालन भइरहेको छ। विद्यालयका प्रअ साहका अनुसार विद्यालयमा हाल २ हजार ४ सय २४ विद्यार्थी छन्। १ हजार २ सय ३ छात्र छन् भने छात्राको संख्या १ हजार २ सय २९ छ। तहगत सिकाइ उपलब्धिको चर्चा गर्दै साह भन्छन्, 'प्राथमिक तहमा ५६.४८ प्रतिशत रहेको छ भने निमाविमा ५२.८ र माविमा ५५.६३ र उच्च माविमा ४९.६२ रहेको छ।'

प्रअ साहका अनुसार विद्यालयमा डोम र दुसाधका साथै ब्राह्मण समुदायका बच्चालाई पनि समान अवस्था र समान महत्वका साथ पढाइएको छ। भेदभावपूर्ण वातावरण छैन, जसले गर्दा अन्य सबै समुदायका बालबालिका विद्यालय पहुँचमा पुगेका छन्। विद्यालयमा आधुनिक कम्प्युटर ल्याब रहेको छ भने विद्यालयको विभिन्न कुनामा १६ वटा सिसिटिभी क्यामरा जडान गरिएको छ, जसले गर्दा अनुशासन कायम गर्न सघाएको छ। प्रअ भन्छन्, 'संकट मोचनलाई आधुनिक शिक्षण पद्धतिसँग जोड्दै र व्यवहारिक शिक्षण पद्धतिअनुसार सिकाउँदै लगेपछि विद्यालयको अवस्थामा राम्रो सुधार आउन थालेको हो। एसईई दिएर जाने बेला विद्यार्थीहरुको सानो-सानो समूहले विद्यालयमा बिरुवा रोपेर जाने परम्परा कायम गरेका छौं।' चिनोस्वरुप गमलामा आफ्नो नाम लेखेर राख्ने गरेको बताउँदै उनले यसले विद्यालय हराभरा र बागबानीजस्तै सुन्दर भएको सुनाए।

विद्यालयमा बाल क्लब छ। यसले विद्यालय रेखदेखमा समेत ठूलो भूमिका खेलेको छ। प्रअ साहका अनुसार कक्षामा कुन शिक्षकले के गरिरहेका छन्, पढाउने समय कक्षामा उपयोग गरेका छन् कि छैनन्, भेदभाव गरेका छन् कि अन्य नराम्रो गतिविधि गरेका छन् भन्ने विषयम क्लबका सदस्यले उनलाई रिपोर्ट गर्ने गरेका छन्। यसका साथै बाल क्लबले विद्यार्थीहरुबीच हुने बुलिङ, लैगिंक हिंसासम्बन्धी घटना न्यूनीकरण गर्न पनि ठूलो भूमिका खेलेको छ। उनीहरुको रिपोर्टको आधारमा विद्यालयले अनुसन्धान गरेर समस्या समाधान गर्ने गरेको प्रअ साहले बताए। प्रअ साह भन्छन्, 'एसईईमा ए प्लस र ए ग्रेड ल्याउने विद्यार्थीको संख्या हाम्रो विद्यालयमा बढ्दो छ। त्यसैले पनि अभिभावकको पहिलो रोजाइ संकट मोचन हुन गएको हो।'

*नेपाल समय*









# मधेस प्रदेशमा रासायनिक मलको अभाव नहुने

**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

बर्सेनि धानखेतीको समयमा रासायनिक मलको अभाव झेल्दै आएका मधेस प्रदेशका किसानलाई यस वर्ष मलको समस्या नहुने जनाइएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेस प्रदेश प्रादेशिक कार्यालय वीरगन्ज पर्साले यस वर्ष असार महिनासम्म चाहिने जति मल गोदाममा रहेको र अन्य मल आउने क्रममा रहेकाले यस वर्ष धानखेतीको समयमा रासायनिक मल अभाव नहुने जनाएको छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्साका प्रमुख चन्द्रप्रसाद चम्लागाईंका अनुसार हाल युरिया छ हजार मेट्रिक टन र डिएपी तीन हजार मेट्रिक टन मल गोदाममा छ ।

गोदाममा मौज्दात रहेको मल असारसम्मका लागि पुग्ने र साउनको पहिलो साता थप मल आउने भएकाले यस वर्ष धानखेतीको समयमा मल अभाव नहुने प्रमुख चम्लागाईंको भनाइ छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्सामा चालु आव २०७९/८० को १० महिनामा एक लाख ७० मेट्रिक टन र ासायनिक मल प्राप्त भएको छ । चालु आव २०७९/८० को साउनदेखि वैशाखसम्ममा एक लाख मेट्रिक टन युरिया र ७० हजार मेट्रिक टन डिएपी मल प्राप्त भएको प्रमुख चम्लागाईंले जानकारी दिनुभयो । यसबाहेक थप २०-२० हजार युरिया र डिएपी खरिदका लागि बोलपत्र स्वीकृत गर्ने प्रक्रियामा रहेको र सो बोलपत्र स्वीकृत भएर मल आए पनि मलको माग अत्यधिक रहेकाले त्यो २०८० असारसम्म मात्र धान्न सकिने प्रमुख चम्लागाईंले बताउनुभयो ।

"अहिलेसम्म युरिया र डिएपी गरी एक लाख ७० हजार मेट्रिक टन मल आइसक्यो, ५० हजार मेट्रिक टन मल आउने क्रममा छ र ४० हजार मेट्रिक टन मल बोलपत्र स्वीकृत प्रक्रियामा छ", प्रमुख चम्लागाईंले भन्नुभयो, "हामीकहाँ आइसकेको, आउने क्रममा रहेको र बोलपत्र खरिद प्रक्रियामा रहेको मल सबै आयो भने पनि त्यो साउनसम्म धान्न सक्ने देखिन्छ ।" थप मलका लागि प्रक्रिया सुरु भइसकेकाले धानखेतीको समयमा मल अभाव नहोला कि भन्ने हाम्रो अनुमान छ", प्रमुख चम्लागाईंले भन्नुभयो ।

"धानखेतीको मुख्य सिजन असार , साउन र भदौमा रासायनिक मलको माग अत्यधिक हुन्छ, त्यो बेलासम्म अहिले प्राप्त भएको वा आउन लागेको मल पर्याप्त नभए पनि यस वर्ष साह्रै अभावचाहिँ नहोला ।" त्यसैले धानखेतीको समयमा चाहिने थप मल खरिदका लागि अहिले नै प्रक्रिया सुरु गर्नुपर्छ", उहाँले भन्नुभयो ।

जिटुजीमार्फत खरिद भएको र ासायनिक मल प्राप्त भएलगत्तै जिल्ला जिल्लामा मल पठाउन थालिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्ज पर्साले जनाएको छ । र ासायनिक मल अभाव हुन नदिन मल प्राप्त भएलगत्तै मलखाद बाँडफाँट भएअनुसार जिल्ला-जिल्लामा मल पठाउँदै आएको प्रमुख चम्लागाईंले बताउनुभयो । मुलुकभर करिब सात लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहे पनि हाल मागको करिब ५० प्रतिशत पनि आपूर्ति हुन नसक्दा बर्सेनि मलको हाहाकार हुने गरेको उहाँले बताउनुभयो । मागबमोजिम आपूर्ति नभए पनि अघिल्लो आव २०७८/७९ को तुलनामा चालु आव २०७९/८० मा बढी मल आएको जनाएको छ ।

अघिल्लो आव २०७८/७९ मा युरिया ६० मेट्रिक टन र डिएपी ४० मेट्रिक टन मल आएको थियो । उहाँका अनुसार मधेस प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मधेस प्रदेशमा वर्षभरिका लागि चार लाख ६३ हजार मल चाहिने भन्दै पत्र पठाएको छ । "यसरी हेर्दा अहिले आइरहेको मल मधेस प्रदेशकै लागि पनि अपुग हुने देखिन्छ", प्रमुख चम्लागाईंले भन्नुभयो, "यस्तो स्थितिमा कसरी मल पुर्याउन सकिन्छ, सम्भव नै देखिँदैन ।" त्यसैले बर्सेनि मल अभाव हुनु स्वाभाविक नै हो, उहाँको कथन छ ।

सो कार्यालयमार्फत मधेस प्रदेशको आठवटै जिल्ला, बागमती प्रदेशका १० जिल्ला र गण्डकी प्रदेशको तनहुँ, लमजुङ, गोरखा, कास्की, पर्वतलगायतका जिल्लामा र ासायनिक मल पठाउँदै आएको छ । बर्सेनि डिएपी र युरिया मल आपूर्ति कम भएपछि किसानलाई मलखाद्यको समस्या हुने गरेको नेपाल कृषक महासङ्घ मधेस प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो । मागअनुसार मलको आपूर्ति नहुदाँ बर्सेनि किसान मलका लागि डिलर चहार्ने गरे पनि सहजरूपमा पाउने अवस्था नरहेको उहाँको भनाइ छ । रासस




# तरकारी खेती गर्ने कृषकलाई नगर प्रमुख मण्डलद्वारा सामग्री वितरण



**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महोत्तरी**

महोत्तरी जिल्लाको मटिहानी नगर पालिका वडा नं. ६ का तरकारी खेती गर्ने कृषकहरुलाई कृषि सामग्री वितरण गरिएको छ ।

तरकारी वालीको नयाँ पकेट कार्यक्रम अन्तर्गत ४० जनालाई मोटर, डेलिभरी पाइप, स्प्रे टंकी, गटोर स्प्रे, कोदालो, जैविक मल्ल र तरकारीको बिउ सहितका सामग्रीहरु आज एक कार्यक्रम बीच मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डलले वितरण गर्नुभयो ।

सो अवसरमा बोल्नु हुँदै नगर प्रमुख मण्डलले तरकारी खेतीलाई प्रोत्साहित गर्ने उद्देश्यले सामग्री वितरण गरिएको कुरा बताउनुभयो ।

वडा ६ मा १५ हेक्टरमा तरकारी खेती गर्नमा करीब ३० परिवार संलग्न रहेको कुरा कृषि शाखा प्रमुख टंक प्रसाद उपाध्यायले बताउनु भयो । त्यसै गरी तरकारी खेतीबाट हामी १ बर्षमा लगभग १ लाख देखि ५ लाख सम्म रकम आर्जन गरी रहेको कुरा कृषकले बताउनुभयो ।

# बाल अधिकार समूह द्वारा वातावरण संरक्षणको लागि वृक्षा रोपण



**खबर दर्पण समाचारदाता**

**असार १७ गते, महेन्द्रनगर**

मानव अधिकार शिक्षा कार्यक्रम अन्तर्गत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशद्वारा धनुषाको बटेश्वर गाउँपालिका-१ चित्रपुरमा रहेको श्री लक्ष्मी माध्यमिक विद्यालयमा गठन गरिएको बाल अधिकार सचेतना समूहले वातावरण संरक्षणको लागि वृक्षा रोपण गरेका छन् ।

असार १५ गते विद्यालयको प्रागंनमा विभिन्न प्रजातीका विरुवाहरु रोपिएको बाल अधिकार समूहका सचिव विवेक यादवले जनाउनु भएको छ। सो अवसरमा समूहका संरक्षक शिक्षक सतेन्द्र शर्मा, प्रधानाध्यापक श्याम सिंह र मानव अधिकार समूहका अध्यक्ष सुरज महतो सहित विद्यालयका छात्रछात्राहरुले वृक्षा रोपण गरेका थिए । वृक्षा रोपण पश्चात प्रधानाध्यापक श्याम सिंहले वातावरण संरक्षणको लागि रुख विरुवा लगाउनु पर्ने भएको हुँदा सबैले आ आफ्नो घरमा कम्तिमा २-४ वटा रुख रोप्नु पर्ने बताउनुभयो ।

## सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

**वागमती सिंचाई आयोजना, कर्मैया, सर्लाही**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा